२.४ समाजमा विद्यमान विकृति, विसंगति विरुद्ध क्रियाशील रहीसमाजको सर्वाङ्गीण विकासका निम्ति निःस्वार्थ ढङ्गले संलग्न व्यक्ति एवम् संघ, संस्थालाई सम्मान गर्ने,

२.५ पिछडिएको वर्ग,समूह, समुदाय, शारिरीकमानसिक रुपले अशक्त तथा वृद्धहरुको सहयोगका क्षेत्रमा विविध कार्य गर्ने ।

## ३. सदस्यता सम्बन्धी व्यवस्था :

प्रतिष्ठानमा साधारण सदस्य, संस्थापक सदस्य, आजीवन सदस्य, मानार्थ सदस्य र संरक्षक सदस्य गरी पाँच प्रकारका सदस्य रहन्छन् । १८ वर्ष उमेर पूरा गरेको,मानसिक सन्तुलन नगुमाएको, सार्वजनिक सम्पती हिनामिना गरेको नठहरिएको एवम् नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारको अभियोगमा सजाय नपाएको नेपाली नागरिक तथा नेपाल सरकारले मान्यता दिएको गैर आवासीय नेपाली नागरिकले एक हजार रुपैयाँ प्रवेश शुल्क र एकसय रुपैयाँ सदस्यता शुल्क तिरी संस्थाको सधारण सदस्य बन्न सक्छन् ।यसै गरी विधानले संस्थापक सदस्य, आजीवन सदस्य, मानार्थ सदस्य र संरक्षक सदस्यका सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ ।

## ४. संस्थाको कार्यालय र कार्य समिति :

प्रतिष्ठानकोकेन्द्रीय कार्यालय काठमाडौँ जिल्ला टोखा नगर पालिका वडा नं. ७ धापासीमा रहेको छ । यसको कार्य सञ्चालनको लागि अध्यक्ष सहित एघार जनाको कार्य समिति रहने व्यवस्था छ । समितिको कार्यकाल दुई वर्षको हुन्छ ।

## ५. आर्थिक स्रोत :

प्रतिष्ठानको मूल स्रोतश्रीकान्त अधिकारीका परिवारजन एवम् सहृदयीहरुबाट प्राप्त सहयोग र सदस्यता शुल्क नै हो । यस बाहेक स्वदेशी तथा विदेशी संघ संस्थाबाट प्राप्त हुने सहयोग, नेपाल सरकारबाट प्राप्त हुने अनुदान एवम् बैंकबाट प्राप्त हुने ब्याज आदि अन्य स्रोत हुन् । प्रतिष्ठानकी अध्यक्ष एवम् श्रीकान्त अधिकारीकी धर्मपत्नी श्रीमती गायत्री अधिकारीले प्रतिष्ठानको सञ्चालन र व्यवस्थापनमा सहयोग पुऱ्याउनका लागि बीस लाख रुपैयाँ एकमुष्ठ समर्पण गर्नु भएको छ । श्रीमती अधिकारीबाट प्राप्त दान रकम प्रतिष्ठानको मूल धनको रुपमा अक्षय कोषमा रहेको छ । वहाँका छोरी, नातिनी, भाईहरु र अन्य सहृदयी दाताहरुबबाट पनि अक्षय कोषका लागि आफ्नो योगदान समर्पण भइरहेको छ। यसै आर्थिक वर्षभित्र अक्षय कोषमा रहने रकम.रु २२.लाख पुग्ने अनुमान रहेको छ ।

## ६. सञ्चालित क्रियाकलाप र कार्य योजना

यस प्रतिष्ठानले संस्थागत विकासका साथै लोक कल्याणकारी कृयाकलाप परिचालन गर्न स्थायी प्रकृतिका कार्यक्रम सञ्चालन गर्न अक्षय कोषको स्थापना गर्ने, नमुना बस्तिको लागि कार्ययोजना तयार गर्ने, विभिन्न स्रोतको खोजी गरी परिचालन गर्ने, विभिन्न विधामा अग्रज तथा अग्रणीहरुलाई सम्मान गर्ने, असहाय तथा जेहेन्दारहरुको सम्मान तथा छात्रवृत्ति प्रदान गर्ने, कृषि, पर्यावरण, साँस्कृतिक, ऐतिहासिक, पर्यटन विकास जस्ता कार्य गर्ने ।योगदान र विचारको जर्गेना गर्न अध्ययन, अनुसन्धान, खोज, तथ्याङ्क सङ्कलन प्रशोधन र स्टोर गर्ने, डाटा सेन्टर बनाउने, बहस र अभिव्यक्तिका विभिन्न कार्य, कृति प्रकाशन तथा श्रव्य दृश्य निर्माण, आधुनिक प्रविधिको अधिकतम उपयोग गर्ने गराउने ।श्रीकान्त अधिकारीको नाममा उद्यान, शालिक तथा स्मारक स्थापना गर्ने, राजमार्ग तथा सार्वजनिक प्रतिष्ठानको नामाकरण, हुलाक टिकट प्रकाशन गर्न पहल गर्ने आदी । यी बृहत्तर सोचका साथ समाजलाई अग्रगामी सोचलाई मुर्तरुपदिन समय सापेक्ष तवरमा योजना तथा कार्यक्रम तय गर्ने छ ।

## ७. हाम्रो अनुरोध

जीवनपर्यन्त समाज सेवाका विविध क्षेत्रमा समर्पित आदरणीय श्रीकान्त अधिकारीको योगदानलाई समाज सेवाकै माध्यमले चिरकालसम्म अजर अमर राख्न सकियोस र भावी पुस्तालाई सत्कर्ममा अभिप्रेरित गर्न सकियोस भन्ने पवित्र उद्देश्यले यो प्रतिष्ठानको स्थापना गरिएको हो । यहाँहरुको साथ र सहयोगबाट मात्रै हाम्रो अभिष्टले पूर्णता पाउनेछ। यो पुनित कार्यमा यहाँको सहभागिताको लागि प्रतिष्ठान हार्दिक अनुरोध गर्दछ ।



# दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठान

(सङ्क्षिप्त परिचय)


मुख्य कार्यालय

टोखा न.पा. वडा नं. ७, धापासी, काठमाडौं

फोन नं. ०१-४३५४०९१

इमेल :

वेब साइट :